# संरक्षणका लागि पत्रकारिता




सानै देखि उद्देश्य पशुपंक्षी होस या जंगली जनावर देख्ने वित्तिकै फोटो खिचि हाल्ने बानीले व्यवसायीक बन्न प्रेरित गरेको बताउने पत्रकार कोमल चन्द्र भगत सुडी अहिले चितवनमा रहेर वातावरणीय पत्रकारीतालाई निरन्तरता दिइरहेका छन् । सानै हुंदा आफ्ना सहपाठीलाई फिल्मको रिललाई जोडजाड गरी ऐनाको माध्यमले पर्दामा फिल्म देखाएको अनुभव सुनाउंदै त्यहि कार्यले अहिले व्यवसायीक बन्न सहयोग गरेको सुडीले बताए । विं.सं. २०३३ सालमा पुर्वी तराई सिराहामा जन्मिइ सर्लाही जिल्लाको सिमरा गाविस फेन्हारा गाउंमा बाल्यकाल विताएका सुडी बारा जिल्ला को कलैयाबाट औपचारीक शिक्षा शुरू गरेका हुन् । हाल सुडीले भित्रि मधेश चितवन जिल्लालाई कर्म थलो बनाई काम गर्न थालेको २२ वर्ष भन्दा बढि भयो । विं.सं २०५३ सालमा चितवनको भरतपुर स्थित मालपोत चोक (टाउन )बाट सामान्य भिडियो लाइब्रेरी र श्रव्यदृष्य सामाग्री उत्पादन कक्ष बाट आफ्नो पेशा शुरू गरेका सुडीले वि.सं. २०५६ साल बाट व्यवसायीक पत्रकारीता शुरू गरेको बताउछन् । भरतपुर वातावरणीय सामाजिक संस्थाको स्थापना गरी वि.सं. २०५८ साल असोज ६ गते व्यवस्थीत तवरले नेपालमा नै पहिलो पटक स्थानीय चितवन युनिक केबल टिभी मार्फत स्थानीय टेलिभिजन बेसो च्यानल सञ्चालन संगै पत्रकारीता पेशालाई अघि बढाएका सुडीले विस्तारै जैविक विविधता र वातावरण संरक्षणलाई रोजि वातावरण बिट मार्फत अघि बढेको बताउंछन् । पत्रकार सुडीलेसंरक्षणका लागि पत्रकारीता भन्ने नारा सहित समाचारका विभिन्न विट मध्य संरक्षण र वातावरणीय पत्रकारीतालाई रोजे । विकास, संरक्षण, वातावरण र पर्यावरणलाई मुख्य विट बनाएर पत्रकारीता क्षेत्रमा पेशागत धर्म निर्वाह गरेका पत्रकार सुडीले चितवनको पत्रकारीतामा छुट्टै पहिचान बनाएका छन् । पत्रकार सुडीले विं.सं. २०६७ साल चितवनमा पहिलो पटक चितवन खबर डटकम अनलाइन सञ्चालनमा ल्याएका थिए । जुन हाल सम्म पनि सञ्चालनमा छ । स्थानीय स्तरमा सञ्चालन भएका रेडियो र प्रकाशीत भएका पत्रपत्रिकाले जस्तै तत्कालिन समयमा स्थानीय केबल मार्फत प्रसारण हुने सामुदायिक टेलिभिजनले वैधानिकता पाउनु पर्छ भनेर आवाज उठाउने पत्रकार सुडी हुन् । सुडीले उठाएका वैधानिकताको सवाल हाल कार्यान्वयन भई सकेको छ । नेपाल पत्रकार महासंघ चितवनका सदस्य एवं आभास टेलिभिजनका प्रबन्ध निर्देशक भगतले जर्नालिजम फर कन्जरभेसन भन्ने नारा सहित समाचारका विभिन्न विट मध्य संरक्षण र वातावरणीय पत्रकारीतालाई रोजे । विकास, संरक्षण, वातावरण र पर्यावरणलाई मुख्य विट बनाएर पत्रकारीता क्षेत्रमा पेशागत धर्म निर्वाह गरेका पत्रकार सुडीले चितवनको पत्रकारीतामा छुट्टै पहिचान बनाएका छन् । पत्रकारीता पेशा संगै चितवनको भरतपुरमा रहेको सप्तगण्डकी बहुमुखी क्याम्पसमा स्नातक तह तेस्रो वर्षमा आम सञ्चार विषय पढ्ने विद्यार्थीहरूलाई गेष्ट लेक्चर भइ टेलिभिजन विषय करिब ४ वर्ष अध्यापन गराएका थिए । चितवनमा रहेर वातावरण पत्रकारीताको माध्यमबाट वातावरण, पर्यावरण र पर्यटन प्रवर्द्धन एवं संरक्षणमा टेवा पुऱ्याउदै आएका छन् । स्थानीय सामुदायिक टेलिभिजनमा विशेष गरी वातावरणीय सरसफाई र संरक्षणमा काम गर्दै आएका पत्रकार सुडीले टेलिभिजन सञ्चालन संगै सामाजिक, सांस्कृतिक, आर्थिक पाटोलाई पनि टेलिभिजनमा उत्तिकै स्थान दिएका छन् । जिल्लामा छरिएका सबै विषय बस्तुलाई समाचार प्रसारण एवं कार्यक्रम निर्माण गरी प्रसारण गर्दै आएका भगतले वि.सं. २०७० सालमा आभास टेलिभिजनको स्थापना गरेसंगै पर्यावरण र विकास कार्यक्रम सञ्चालन गर्दै आएका छन् । यसका अलवा विभिन्न संघ संस्था वा कार्यालयको सहयोगमा थुप्रै वृत्तचित्रहरू पनि उत्पादन गरिसकेका छन् । नेपालका विभिन्न स्थानमा रहेका राष्ट्रिय निकुञ्ज एवं वन्यजन्तु आरक्षहरू, जिल्ला भित्र रहेका विभिन्न सामुदायिक वनहरू, मध्यवर्ती क्षेत्र, डिभिजन वन कार्यालय चितवन, डिभिजन वन कार्यालय रसुवा लगायत संग समन्वय गरी धेरै वृत्तचित्र, कार्यक्रम निर्माण गरिसकेका छन् । त्यस्तै वातावरण संरक्षणकै क्षेत्रमा काम गर्ने सरकारी एवं गैरसरकारी संस्था संग समन्वय गरी वृत्तचित्र निर्माण गरी प्रसारण गरेका छन् । राष्ट्रिय निकुञ्ज भित्र हुने हरेक गतिविधिहरू जस्तैः पर्यटन प्रवर्द्धन हुने खालकका कार्यक्रमहरू, गैंडा गणना,सिमसार क्षेत्रमा हुने चरा गणना देखि वन्यजन्तु र मानव विचको द्धन्द्ध, वन्यजन्तुको अवस्था, सामुदायिक वनमा हुने हरेक गतिविधीलाई पत्रकार भगतले आफ्ना विषय वस्तुको रूपमा पस्कदै आएका छन् । पत्रकार भगतले वातावरण पर्यावरण र संरक्षण क्षेत्रको अलवा निकै संवेदनशील र सामाजिक सांस्कृतिक विषयहरूमा पनि वृत्तचित्र निर्माण गरेका छन् । कामका दौरान स्थानीय, राष्ट्रिय मात्र नभई अन्तराष्ट्रिय संस्थाहरू युएन हाविटाट, युनिसेफ, युके एड, केयर अष्ट्रिया, केयर नेपाल, प्राक्टिकल एक्सन, एक्सन एड नेपाल, फरवार्ड नेपाल, आइएलओ लगायतका संस्थाहरू संग समन्वय गरी श्रव्यदृष्य समाचार, वृत्तचित्र, र टेलिभिजन कार्यक्रम निर्माण गरी सकेका छन् । त्यसो त पत्रकार भगत कै परिकल्पनामा वि.सं. २०६२ सालमा नेपालमा नै पहिलो पटक आदिवासी थारू समुदायको संस्कार संस्कृति झल्कने थारू प्रतिभा पुरस्कारको आयोजना गरिएको थियो ।

पत्रकार सुडी नेपाल फोटो पत्रकार महासंघ नेपालका केन्द्रिय सदस्य एवं नेपाल फोटो पत्रकार महासंघ चितवनका संस्थापक अध्यक्ष हुन । पत्रकार सुडीले छायांकन गरेको गोहीले माछा खांदै गरेको फोटो बेइजिङ अन्तराष्ट्रिय फोटो प्रदर्शनीमा उत्कृष्ट फोटोमा छानिएको थियो ।

पत्रकार सुडीले बि.सं. २०६४ देखि २०६७ सम्म नेपाल पत्रकार महासंघ चितवनको कार्य समिति सदस्य र बि.सं. २०७५ देखि २०७७ सम्म नेपाल पत्रकार महासंघ बागमति प्रदेशको सदस्य पदमा रही जिम्मेवारी बहन गरिसकेका छन् ।

पत्रकार सुडीले पछिल्लो समय विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस कोभिड १९ को समयमा आफु स्वयं फ्रन्टलाइनमा रहि रिपोर्टिङ गरे । त्यस्तै पत्रकार सुडीले फ्रन्टलाइनमा नै रहेर काम गर्ने चितवनका विभिन्न अस्पताल, मेडिकल कलेजमा काम गर्ने डाक्टर, स्वास्थ्यकर्मीहरूको मनोबल उच्च बनाउने उद्देश्यले सन्देशमुलक श्रव्यदृष्य सामग्री, अन्तरक्रियात्मक कार्यक्रम र वृत्तचित्र निर्माण गरेका थिए ।

वातावरणीय सरसफाइ, संरक्षण र सामाजिक कार्यमा उत्कृष्ट कार्य गरे बापत वि. सं २०६४ मा युनिभर्सल पिस फेडरेसन युवा शान्ति दुत पुरस्कार, वि.सं. २०६८ सालमा जिल्ला खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति चितवनबाट नमुना जिल्ला बनाउने अभियानमा सहयोग गरे बापत उत्कृष्ट पत्रकारीता पुरस्कार पाएका थिए । त्यस्तै वन प्राविधिक समाज चितवन बाट प्रकृति संरक्षण पुरस्कार, जलदेवी सामुदायिक वनबाट संरक्षण पुरस्कार, चितवन वि.सं. २०७४ मा राष्ट्रिय निकुञ्जबाट ४५ औं वार्षिक उत्सवको अवसरमा दुलर्भ वन्यजन्तु एक सिंगे गैडा, पाटेबा, निलगाइ, अर्ना लगयात जैविक विविधता संरक्षणमा जनचेतना जगाउन सहयोग पुऱ्याएको भन्दै पुरस्कार प्रदान गरिएको थियो । त्यस्तै प्रेस चौतारी नेपाल चितवनबाट वाट कमला स्मृति पत्रकारीता पुरस्कारबाट पत्रकार भगत पुरस्कृत भएका छन् । भने विभिन्न संघ संस्थाबाट उत्कृष्ट कार्य गरेको भन्दै सम्मानित समेत भएका छन् । वन, वातावरण, पर्यावरण संरक्षण, फोहोर व्यवस्थापन, पर्यटन प्रवर्द्धन लगायत समाजका हरेक क्षेत्रलाई उजागर गर्ने जस्ता विषयलाई उठान गरी पत्रकारीता गर्दै आएका पत्रकार भगतसंग २० वर्ष भन्दा लामो अनुभवलाई नव आगन्तुक युवा पुस्ताहरूमा हस्तान्तरण होस् भनी विभिन्न वातावरण संरक्षण सम्बन्धी सेमिनार, तालिम गोष्ठी मार्फत साटासाट गर्दै आएका छन् ।